# प्रसारित र वितरण गरिएको जुमअहको खुत्बा

## १ रबीउल अव्वल १४४८ हिजरी, १४/८/२०२६ ईस्वी

# गर्मीको ताप: केही चिन्तन र उपदेशहरू

सबै प्रशंसा अल्लाहकै लागि हो, जसले मार्ग खोज्ने व्यक्तिलाई मार्गदर्शन गर्नुहुन्छ, उहाँलाई पुकार्नेको पुकार स्वीकार गर्नुहुन्छ, उहाँसँग शरण माग्ने र उहाँलाई पुकार्नेको सहायता गर्नुहुन्छ। जसलाई उहाँले भटकाउनुभयो, त्यसलाई मार्ग देखाउने कोही छैन; र जसलाई उहाँले मार्गदर्शन गर्नुभयो, त्यसलाई भटकाउने कोही छैन।

{وَمَا بِكُمْ مِنْ نِعْمَةٍ فَمِنَ اللَّهِ ثُمَّ إِذَا مَسَّكُمُ الضُّرُّ فَإِلَيْهِ تَجْأَرُونَ} [النحل: ٥٣]

"तिमीहरूसँग भएको हरेक अनुग्रह अल्लाहकै तर्फबाट हो; अनि जब तिमीहरूलाई कुनै दुःख-कष्ट छुन्छ, तब तिमीहरू उहाँतर्फ नै कराउँछौ।" (सूरा अन्-नहल: ५३) म साक्षी दिन्छु कि अल्लाह बाहेक कुनै सत्य पूज्य छैन, उहाँ एक्लै हुनुहुन्छ, उहाँको कुनै साझेदार छैन; उहाँ आफ्ना उच्च गुणहरूमा अत्यन्त पवित्र हुनुहुन्छ। र म साक्षी दिन्छु कि मुहम्मद ﷺ अल्लाहका भक्त, उहाँका रसूल, उहाँका चुनिएका प्रिय, उहाँका घनिष्ठ मित्र

र चयन गरिएका बन्दाहरू हुन्। अल्लाहले उहाँमाथि, उहाँका परिवारमाथि, उहाँका सहाबामाथि र उहाँलाई प्रेम तथा अनुसरण गर्ने सबैमाथि प्रशस्त दया र शान्ति अवतरण गरून्, त्यस दिनसम्म जब हामी उहाँसँग भेट गर्नेछौं।

**अब त्यसपछि:** -हे अल्लाहका बन्दाहरू- अल्लाहसँग डर मान्नुहोस (तक्वा अपनाऊनुहोस)

{وَلْتَنْظُرْ نَفْسٌ مَا قَدَّمَتْ لِغَدٍ وَاتَّقُوا اللَّهَ إِنَّ اللَّهَ خَبِيرٌ بِمَا تَعْمَلُونَ} [الحشر: ١٨]

“र प्रत्येक व्यक्तिले भोलिको लागि के पठाएको छ, त्यो हेरोस्; र अल्लाहसँग डर मान, निश्चय नै अल्लाह तिमीहरूले गर्ने कामहरूसँग पूर्ण रूपमा परिचित हुनुहुन्छ।” (सूरा अल-हश्र: १८)

**हे ईमानवालाहरूको समूह:** अल्लाहको महान् हिक्मत यही हो कि उहाँले यस संसारलाई परीक्षा र परिश्रमको घर बनाउनुभएको छ। उहाँले यसलाई कठिनाइ र थकानले भरिएको बनाउनु भयो, ताकि ईमानवालाहरूको समर्पण स्पष्ट होस् र निराश तथा असन्तुष्ट मानिसहरूको अधैर्यता प्रकट होस्। अल्लाहले भन्नुभएको छ:

{لَقَدْ خَلَقْنَا الْإِنْسَانَ فِي كَبَدٍ} [البلد: ٤]

“निश्चय नै हामीले मानिसलाई कठिनाइमै सृष्टि गरेका छौं।” (सूरा अल-बलद: ४) यस परीक्षाको एक रूप मौसमहरूको परिवर्तन पनि हो—गर्मी र जाडोको पालो, सफा आकाशपछि धुलो आउनु, यस्तो गर्मी जसले खुट्टा पोलाउँछ, र यस्तो चिसो जसले हड्डीहरू दुखाउँछ। यी सबै गहिरो हिक्मतका साथ छन्, जसले हामीलाई तिनका संकेत र उद्देश्यबारे चिन्तन गर्न आह्वान गर्छ। अल्लाहले भन्नुभएको छ:

{يُقَلِّبُ اللَّهُ اللَّيْلَ وَالنَّهَارَ إِنَّ فِي ذَلِكَ لَعِبْرَةً لِأُولِي الْأَبْصَارِ} [النور: ٤٤]

“अल्लाह रात र दिनलाई फेरबदल गर्नुहुन्छ; निश्चय नै यसमा दृष्टिवानहरूका लागि ठूलो शिक्षा छ।” (सूरा अन्-नूर: ४४)

**हे अल्लाहका बन्दाहरू:** आजकल हामीले अनुभव गरिरहेको यो तीव्र गर्मी वास्तवमै एक महान् संकेत र स्पष्ट चिन्ह हो। यसमा लापरवाह हृदयहरूलाई जगाउने शक्ति छ, परलोकको सम्झना गराउने शिक्षा छ, र यो चेतावनी पनि छ कि संसार आराम र आलस्यको स्थान होइन; बरु यो परीक्षा, मेहनत र कर्मको स्थान हो, ताकि मानिसहरूले आफ्नो

प्रस्थानको दिनका लागि तयारी गरून् र आफ्ना प्रभुसँग भेट हुने दिनका लागि सज्ज होऊन्।

{فِي يَوْمٍ كَانَ مِقْدَارُهُ خَمْسِينَ أَلْفَ سَنَةٍ} [المعارج: ٤]

"त्यो यस्तो दिन हुनेछ जसको अवधि पचास हजार वर्ष बराबर हुनेछ।" (सूरा अल-मआरिज: ४).

तपिरहेको सूर्यको पोल्ने ताप र दिउँसोको कठोर गर्मीमा पसिना बग्नु, यी सबै परलोकमा मानिसहरूको अवस्थाको एउटा झलक हो। त्यो समय, जब उनीहरूको प्रभुले सबैलाई एउटै मैदानमा जम्मा गर्नुहुनेछ; उनीहरूमाथि भारी बोझ बढेको हुनेछ, समाचारहरू उनीहरूका लागि अस्पष्ट हुनेछन्, सूर्य उनीहरूको टाउको नजिक ल्याइनेछ, र डरले उनीहरूको हृदयलाई घेर्नेछ। त्यसबेला परिस्थिति अत्यन्त भयावह हुनेछ र कष्ट झन् धेरै बढ्नेछ।

अल्लाहका रसूल ﷺ ले भन्नुभयो:

«تُدْنَى الشَّـــمْسُ يَوْمَ الْقِيَامَةِ مِنَ الْخَلْقِ، حَتَّى تَكُونَ مِنْهُمْ كَمِقْدَارِ مِيلٍ، فَيَكُونُ النَّاسُ عَلَى قَدْرِ أَعْمَـالِهِمْ فِي الْعَرَقِ، فَمِنْهُمْ مَنْ يَكُونُ إِلَى كَعْبَيْـهِ، وَمِنْهُمْ مَنْ يَكُونُ إِلَى رُكْبَتَيْهِ، وَمِنْهُمْ مَنْ يَكُونُ إِلَى حَقْوَيْهِ، وَمِنْهُمْ مَنْ يُلْجِمُهُ الْعَرَقُ إِلْجَامًا». قَالَ: وَأَشَـــارَ

رَسُولُ اللهِ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ بِيَدِهِ إِلَى فِيهِ. [أَخْرَجَهُ مُسْلِمٌ مِنْ حَدِيثِ الْمِقْدَادِ بْنِ الْأَسْوَدِ رَضِيَ اللهُ عَنْهُ]

“कियामतको दिन सूर्यलाई सृष्टिहरूको अत्यन्त नजिक ल्याइनेछ, यहाँसम्म कि त्यो उनीहरूबाट एक ‘मील’ जति दूरीमा हुनेछ। त्यसपछि मानिसहरू आफ्ना कर्मअनुसार पसिनामा डुब्नेछन्। कसैको पसिना खुट्टाको घुँडासम्म हुनेछ, कसैको घुँडासम्म, कसैको कम्मरसम्म, र कसैलाई पसिनाले पूर्ण रूपमा मुखसम्म ढाक्नेछ।” उहाँले भन्नुभयो: रसूल ﷺ ले आफ्नो हातले आफ्नो मुखतर्फ इशारा गर्नुभयो। (यो हदीस इमाम मुस्लिमले मिक्दाद बिन अल-अस्वद (रज़ियल्लाहु अन्हु) बाट उल्लेख गरेका छन्)

**हे ईमानवालाहरू:** त्यो अत्यन्त कठिन अवस्थामा, पालनहार अल्लाहले आफ्नो विशेष कृपाद्वारा केही मानिसहरूलाई विशेष सम्मान प्रदान गर्नुहुनेछ। उहाँले आफ्नो असीम उदारताले उनीहरूलाई सूर्यको तापबाट बचाई आफ्नो अर्शको छायाँमुनि स्थान दिनुहुनेछ, त्यो दिन जब उहाँको छायाँ बाहेक कुनै छायाँ हुनेछैन। हामी अल्लाहसँग उहाँको विशाल कृपा

माग्दछौं। त्यस दिन मानिसहरूले उनीहरूको उच्च दर्जा र सुन्दर अवस्थाका कारण उनीहरूलाई देखेर ईर्ष्या (सकारात्मक अर्थमा) गर्नेछन्, र चाहनेछन् कि काश! उनीहरूको त्यो अनुग्रहको केही अंश आफूलाई पनि प्राप्त भएको भए। तर त्यो सम्भव हुने छैन। किनकि त्यो छायाँ दिरहम र दिनारले किन्न सकिँदैन; बरु रात-दिनका विभिन्न समयमा सत्कर्म गर्ने, र महान् अल्लाहलाई अप्रसन्न पार्ने कामहरूबाट टाढा रहने व्यक्तिले मात्र त्यसलाई प्राप्त गर्न सक्छ। यही नै उद्धारको डोरी हो, र त्यस महान् विपत्तिबाट मुक्ति पाउने मार्ग हो।

त्यो दिनको ज्वालाजस्तो तापबाट बच्ने उपायहरूमध्ये एउटा उपाय, अबू हुरैरह (रज़ियल्लाहु अन्हु) बाट वर्णित हदीसमा आएको छ। नबी ﷺ ले भन्नुभयो:

**«سَبْعَةٌ يُظِلُّهُمُ اللهُ فِي ظِلِّهِ يَوْمَ لَا ظِلَّ إِلَّا ظِلُّهُ: الْإِمَامُ الْعَادِلُ، وَشَابٌّ نَشَأَ بِعِبَادَةِ اللهِ، وَرَجُلٌ قَلْبُهُ مُعَلَّقٌ فِي الْمَسَاجِدِ، وَرَجُلَانِ تَحَابَّا فِي اللهِ، اجْتَمَعَا عَلَيْهِ وَتَفَرَّقَا عَلَيْهِ، وَرَجُلٌ دَعَتْهُ امْرَأَةٌ ذَاتُ مَنْصِبٍ وَجَمَالٍ، فَقَالَ: إِنِّي أَخَافُ اللهَ، وَرَجُلٌ تَصَدَّقَ بِصَدَقَةٍ فَأَخْفَاهَا، حَتَّى لَا تَعْلَمَ شِمَالُهُ مَا تُنْفِقُ يَمِينُهُ، وَرَجُلٌ ذَكَرَ اللهَ خَالِيًا، فَفَاضَتْ عَيْنَاهُ»**

**[مُتَّفَقٌ عَلَيْهِ]**

“सात प्रकारका मानिसहरू छन्, जसलाई अल्लाहले आफ्नो छायाँमा स्थान दिनुहुनेछ, त्यो दिन जब उहाँको छायाँ बाहेक कुनै छायाँ हुनेछैन: न्यायी शासक।, त्यो युवक जो अल्लाहको उपासनामा हुर्कियो।, त्यो व्यक्ति जसको हृदय मस्जिदहरूसँग जोडिएको हुन्छ।, दुई व्यक्ति जसले अल्लाहका लागि एकअर्कालाई प्रेम गरे, त्यसैका लागि मिले र त्यसैका लागि अलग भए।, त्यो व्यक्ति जसलाई पद र सौन्दर्य भएकी महिलाले (अनैतिक कामतर्फ) बोलाइन्, तर उसले भन्यो: ‘म अल्लाहसँग डराउँछु।’ त्यो व्यक्ति जसले दान गर्‍यो र त्यसलाई यति गोप्य राख्यो कि उसको बायाँ हातले पनि थाहा पाएन कि दायाँ हातले के खर्च गरिरहेको छ।, त्यो व्यक्ति जसले एकान्तमा अल्लाहलाई सम्झियो र उसका आँखाबाट आँसु बग्न थाले। (यो हदीस बुखारी र मुस्लिम दुवैले रिवायत गरेका छन्।)

रहमान (अत्यन्त कृपालु अल्लाह) को छायाँ प्राप्त गर्ने कारणहरूमध्ये एउटा कारण यो पनि हो: कष्टमा परेको व्यक्तिलाई माफ गर्नु। र समय आएपछि उसको ऋणमा सहजता गर्नु यो कर्म न्याय गर्ने बादशाह

अल्लाहबाट क्षमा र छुट पाउने कारण बन्छ। अबुल यसर (रज़ियल्लाहु अन्हु) ले भन्नुभयो: मैले अल्लाहका रसूल ﷺ लाई यसो भन्नुभएको सुनेँ:

«مَنْ أَنْظَرَ مُعْسِرًا أَوْ وَضَعَ عَنْهُ؛ أَظَلَّهُ اللهُ فِي ظِلِّهِ». [أَخْرَجَهُ مُسْلِمٌ]

“जसले कुनै कठिनाइमा परेको ऋणीलाई मोहलत दिन्छ वा उसको केही ऋण माफ गरिदिन्छ, अल्लाहले उसलाई आफ्नो छायाँमा स्थान दिनुहुनेछ।” (यो हदीस इमाम मुस्लिमले उल्लेख गरेका छन्।)

त्यसमध्ये अर्को कारण हो - हे अल्लाहका बन्दाहरू - अल्लाहका लागि प्रेम गर्नु र उहाँको प्रसन्नताका लागि एकत्रित हुनु। यस्तो प्रेममा न त भौतिक विचारहरू हुन्छन्, न व्यक्तिगत स्वार्थहरू। ती मानिसहरू हुन् जसले धर्मलाई मित्रता र दूरी (वफादारी र अस्वीकार) को आधार बनाएका छन्, र ईमानलाई भाइचाराको सम्बन्ध जोड्ने दृढ बन्धन बनाएका छन्। त्यसैले उनीहरूले साँचो र स्थायी प्रेम प्राप्त गरे, र उच्च स्वर्ग (जन्नत) मा त्यस प्रेमको छायाँमा बस्ने सौभाग्य पाए। अबू हुरैरह (रज़ियल्लाहु अन्हु) बाट वर्णित छ कि रसूलुल्लाह ﷺ ले भन्नुभयो:

«إِنَّ اللهَ يَقُولُ يَوْمَ الْقِيَامَةِ: أَيْنَ الْمُتَحَابُّونَ بِجَلَالِي؟ الْيَوْمَ أُظِلُّهُمْ فِي ظِلِّي، يَوْمَ لَا ظِلَّ إِلَّا ظِلِّي» [أَخْرَجَهُ مُسْلِمٌ]

“अल्लाह कियामतको दिन भन्नुहुनेछः ‘मेरो महानताको लागि एकअर्कालाई प्रेम गर्नेहरू कहाँ छन्? आज म उनीहरूलाई आफ्नो छायाँमा राख्नेछु, त्यो दिन जब मेरो छायाँ बाहेक कुनै छायाँ हुनेछैन।” (यो हदीस मुस्लिमले उल्लेख गरेका छन्।)

र त्यो कठिन दिनमा गर्मी र कठोर चिसोपनबाट बचाउने कुरामध्ये अर्को हो – विभिन्न प्रकारका सदक़ा (दान) गर्नु। दान गर्ने व्यक्तिलाई अल्लाहले आफ्नो छायाँद्वारा सम्मानित गर्नुहुन्छ; यो उसको राम्रो कर्मको प्रतिफल हो। नबी ﷺ ले भन्नुभयो:

«إِنَّ الصَّدَقَةَ لَتُطْفِئُ عَنْ أَهْلِهَا حَرَّ الْقُبُورِ، وَإِنَّمَا يَسْتَظِلُّ الْمُؤْمِنُ يَوْمَ الْقِيَامَةِ فِي ظِلِّ صَدَقَتِهِ» [أَخْرَجَهُ الطَّبَرَانِيُّ مِنْ حَدِيثِ عُقْبَةَ بْنِ عَامِرٍ رَضِيَ اللهُ عَنْهُ وَصَحَّحَهُ الْأَلْبَانِيُّ]

“निश्चय नै सदक़ाले आफ्नो मालिकबाट चिहानको तापलाई निभाउँछ, र कियामतको दिन ईमानवाला आफ्नो सदक़ाको छायाँमा रहनेछ।” (यो हदीस उक्बा बिन आमिर (रज़ियल्लाहु अन्हु) बाट तबरानीले उल्लेख गरेका छन्, र अल्बानीले यसलाई सही भनेका छन्।)

म आफ्नो यो कुरा यहीँ समाप्त गर्दछु, र महान् तथा महिमाशाली अल्लाहसँग आफ्नो लागि, तपाईंहरूको लागि, र सम्पूर्ण मुस्लिमहरूका लागि प्रत्येक पापबाट क्षमा याचना गर्दछु।

## दोस्रो खुत्बा

सबै प्रशंसा अल्लाहकै लागि हो, जो पर्याप्त हुनुहुन्छ। उहाँका ती चुनिएका बन्दाहरूमाथि दया र शान्ति होस्।

**अब त्यसपछि:** अल्लाहसँग डर मान्नुहोस - हे अल्लाहका बन्दाहरू -, आफ्ना समयहरूलाई आज्ञापालन र इबादतद्वारा पवित्र बनाऊ नाऊनुहोस, आफ्नो आयुहरूलाई अल्लाहको नजिक हुने कामहरूमा लगाऊ नाऊनुहोस, र आफ्ना दिनहरूलाई भलाइका कामहरूले भरिपूर्ण बनाऊनुहोस।

**हे ईमानवालाहरू:** वास्तवमा साँचो र वास्तविक ईमानवाला त्यो हो, जो अल्लाहलाई प्रिय हुने र उहाँलाई प्रसन्न पार्ने कामहरूतर्फ छिटो अग्रसर हुन्छ, चाहे उसलाई गर्मीको मौसममा केही ताप सहनु परे पनि। त्यसपछि ऊ आफ्नो पालनहारलाई प्रसन्न पार्ने नमाजतर्फ दौडन्छ, र आफ्नो सदाचार

र तक्वा बढाउन आज्ञापालनका कामहरूमा तत्पर हुन्छ। यही नै बुद्धिमान व्यक्ति हो, जसले उच्च दर्जाहरू प्राप्त गरेको छ, र यही नै दूरदर्शी व्यक्ति हो, जसले आफ्नो छालालाई कियामतको मैदानहरूको ज्वालामय तापबाट सुरक्षित राखेको छ।

तर जो मौसमको गर्मीका कारण आलस्य गर्छ, नमाजहरूमा उपस्थित हुँदैन, र कडा गर्मीलाई बहाना बनाएर जुमुआ र जमाअतका नमाजहरूबाट पछि हट्छ, त्यो वास्तवमा दुर्बल र दयनीय व्यक्ति हो। उसको आफ्नै मनले उसलाई धोका दिएको छ, शैतानले उसलाई भ्रममा पारेको छ। ऊ ईमानवालाहरूको समूहबाट पछि परेको छ र ती मुनाफिकहरूको अवस्थासँग मिल्दोजुल्दो भएको छ, जसले संसारका पालनहारको आज्ञापालनबाट पछि हटेका थिए। अल्लाहले उनीहरूको अवस्था र भनाइ स्पष्ट गर्दै भन्नुभएको छः

{فَرِحَ الْمُخَلَّفُونَ بِمَقْعَدِهِمْ خِلَافَ رَسُولِ اللَّهِ وَكَرِهُوا أَنْ يُجَاهِدُوا بِأَمْوَالِهِمْ وَأَنْفُسِهِمْ فِي سَبِيلِ اللَّهِ وَقَالُوا لَا تَنْفِرُوا فِي الْحَرِّ قُلْ نَارُ جَهَنَّمَ أَشَدُّ حَرًّا لَوْ كَانُوا يَفْقَهُونَ} [التوبة: ٨١]

“रसूलुल्लाहको विपरीत बसेर पछि रहनेहरू आफ्नो बसाइमा खुसी भए। उनीहरूले अल्लाहको मार्गमा आफ्ना धन र ज्यानले संघर्ष गर्न मन पराएनन् र भने: ‘यो गर्मीमा ननिस्क।’ भनिदेऊ: ‘जहन्नमको आगो अझ धेरै तातो छ, यदि उनीहरू बुझ्ने भए।’” (सूरा अत-तौबा: ८१)

त्यसैगरी ती मजदुरहरू र कर्मचारीहरू, जो हलाल रोजी कमाउनका लागि गर्मी सहँदै परिश्रम गर्छन्, आफ्ना परिवार र बालबालिकाको आवश्यकताका लागि मेहनत गर्छन्—उनीहरूलाई ठूलो प्रतिफल र उच्च दर्जाको वचन दिइएको छ। काब बिन उजरह (रज़ियल्लाहु अन्हु) बाट वर्णित छ कि रसूलुल्लाह ﷺ का सहाबाहरू एक जना मानिसको छेउबाट गुज्रिए। उनीहरूले उसको मेहनत, सक्रियता र रोजी कमाउने लगन देखेर अचम्म माने र भने: “हे अल्लाहका रसूल! काश यो अल्लाहको मार्गमा भएको भए”! तब नबी ﷺ ले भन्नुभयो:

«إِنْ كَانَ خَرَجَ يَسْعَى عَلَى وَلَدِهِ صِغَارًا، فَهُوَ فِي سَبِيلِ اللهِ، وَإِنْ كَانَ خَرَجَ يَسْعَى عَلَى نَفْسِهِ يُعِفُّهَا، فَهُوَ فِي سَبِيلِ اللهِ» [أَخْرَجَهُ الطَّبَرَانِيُّ، وَصَحَّحَهُ الْأَلْبَانِيُّ]

"यदि ऊ आफ्ना साना छोराछोरीहरूको पालनपोषणका लागि मेहनत गर्न निस्किएको हो भने, ऊ अल्लाहको मार्गमै छ। र यदि ऊ आफ्नो आवश्यकताका लागि निस्किएको हो, ताकि आफूलाई हरामबाट बचाउन सकोस्, तब पनि ऊ अल्लाहको मार्गमै छ।" (यो हदीस तबरानीले उल्लेख गरेका छन् र अल्बानीले यसलाई सही भनेका छन्)

**हे ईमानवालाहरू:** गर्मीको तापलाई अल्लाहले हामीमाथि गर्नुभएको अनुग्रह सम्झने कारण बनाऔं। उहाँले यी ताप रोक्ने भवनहरू र प्रशस्त शीतलकरणका साधनहरू हाम्रो सेवामा लगाइदिनुभएको छ। त्यसैले हामी ती अनुग्रहहरू प्रदान गर्ने अल्लाहप्रति कृतज्ञता र धन्यवाद व्यक्त गर्न अग्रसर होऔं। त्यसपछि तिनको संरक्षण गर्न, सम्बन्धित निकायहरूसँग मिलेर तिनको संयमित र उचित प्रयोग गर्न, र तिनको प्रयोगमा फजुल खर्च तथा अपव्यय नगर्न मेहनत गरौं।

त्यसैगरी, हामी ती मानिसहरूको पीडा पनि महसुस गरौं, जसको अवस्था अत्यन्त कठिन भएको छ र जो यी छायाँ र सुविधाहरूबाट वञ्चित छन्। यसले हामीलाई उनीहरूप्रति सद्व्यवहार र सहयोग गर्न प्रेरित गरोस्, र

गर्मी, तिर्खा र अभाव कम गर्न छिटो अग्रसर बनाओस्–जस्तै इनार खन्नु, घर तथा छायाँ दिने टेन्टहरू निर्माण गर्नु, एसी र चिसो बनाउने उपकरणहरू किनिदिनु, तथा अन्य त्यस्ता साधनहरू उपलब्ध गराउनु, जसले आवश्यकतामा परेका मानिसहरूलाई गर्मीको कठिनाइ पार गर्न सहयोग पुर्‍याउँछ। अबू हुरैरह (रज़ियल्लाहु अन्हु) बाट वर्णित छ कि नबी ﷺले भन्नुभयो:

«بَيْنَمَا رَجُلٌ يَمْشِي، فَاشْتَدَّ عَلَيْهِ الْعَطَشُ، فَنَزَلَ بِئْرًا فَشَرِبَ مِنْهَا، ثُمَّ خَرَجَ، فَإِذَا هُوَ بِكَلْبٍ يَلْهَثُ، يَأْكُلُ الثَّرَى مِنَ الْعَطَشِ، فَقَالَ: لَقَدْ بَلَغَ هَذَا مِثْلُ الَّذِي بَلَغَ بِي، فَمَلَأَ خُفَّهُ، ثُمَّ أَمْسَكَهُ بِفِيهِ، ثُمَّ رَقِيَ، فَسَقَى الْكَلْبَ، فَشَكَرَ اللهُ لَهُ، فَغَفَرَ لَهُ»

"एक जना मानिस हिँडिरहेको थियो। उसलाई अत्यन्त तिर्खा लाग्यो। ऊ एउटा इनारमा झर्‍यो र पानी पियो। जब ऊ बाहिर निस्कियो, उसले एउटा कुकुरलाई हाँफिरहेको देख्यो, जसले तिर्खाका कारण भिजेको माटो चाटिरहेको थियो। उसले भन्यो: 'यसलाई पनि त्यही तिर्खाले सताएको छ जसले मलाई सताएको थियो।' त्यसपछि उसले आफ्नो जुत्तामा पानी

भऱ्यो, त्यसलाई मुखले समातेर माथि चढ्यो र कुकुरलाई पानी पिलायो। अल्लाहले उसको यो कामलाई स्वीकार गर्नुभयो र उसलाई क्षमा गर्नुभयो।”

सहाबाहरूले सोधे: “हे अल्लाहका रसूल! के जनावरहरूमा पनि हाम्रो लागि प्रतिफल (सवाब) छ”? उहाँ ﷺ ले भन्नुभयो:

«فِي كُلِّ كَبِدٍ رَطْبَةٍ أَجْرٌ» [مُتَّفَقٌ عَلَيْهِ]

“हरेक जीवित (भिजेको कलेजो भएको) प्राणीप्रति गरिएको दयामा प्रतिफल छ।” (यो हदीस बुखारी र मुस्लिम दुवैले रिवायत गरेका छन्)

**हे अल्लाह** सबैभन्दा उज्यालो मुख र सबैभन्दा दीप्तिमान निधार भएका (नबी मुहम्मद ﷺ) माथि आफ्नो दया र सलाम पठाउनुहोस **हे अल्लाह** हाम्रो लागि ईमान (आस्था) लाई प्रिय बनाइदिनुहोस् र यसलाई हाम्रा हृदयहरूमा सुशोभित गरिदिनुहोस्; कुफ्र (अविश्वास), अवज्ञा र अनाज्ञाकारितालाई हाम्रो लागि घृणित बनाइदिनुहोस्; र हामीलाई सही मार्गमा हिँड्नेहरूमध्ये समावेश गर्नुहोस्। **हे अल्लाह** इस्लाम र मुसलमानहरूलाई सम्मान प्रदान गर्नुहोस्, तथा शिर्क (बहुदेववाद) र मुश्रिकहरू (बहुदेववादीहरू) लाई अपमानित गर्नुहोस्। र आफ्नो धर्म,

आफ्नो किताब, आफ्नो नबी ﷺ को सुन्नत, र आफ्ना ईमानवाला बन्दाहरूलाई सहायता गरनुहोस्। **हे अल्लाह** मुसलमान पुरुष तथा महिलाहरू र ईमानवाला पुरुष तथा महिलाहरू–जीवित वा मृत सबै–लाई क्षमा गरिदिनुहोस् **हे अल्लाह** देशको सुरक्षामा लागेका हाम्रा भाइहरूलाई सुरक्षित राखनुहोस्, **हे अल्लाह** हाम्रो अमीर र उनका उत्तराधिकारीलाई आफ्नो मार्गदर्शनमा सफलता प्रदान गर्नुहोस्। उनीहरूका सबै कार्यहरूलाई आफ्नो आज्ञापालन र आफ्नो प्रसन्नताअनुसार सफल बनाइदिनुहोस्। र यस देशलाई सुरक्षित, शान्त, समृद्ध र सम्पन्न बनाइराख्नुहोस्– यसलाई सुरक्षा र ईमानको भूमि बनाइदिनुहोस्। साथै, संसारभरिका सबै मुस्लिम देशहरूलाई पनि शान्ति, सुरक्षा र समृद्धि प्रदान गर्नुहोस्।

**जुमाको नमाजको लागि नमुना खुतबा तयार गर्ने समित**